नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- 69

मिति: २०८२/०४/११

विषय: सानी भेरी जलविद्युत आयोजनाको विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा |

श्री एक्सपर्ट हाइड्रो इन्भेस्टमेन्ट प्रा.लि.,
काठमाडौं |
सम्पर्क फोन नं. ०१-५९०२३०३

प्रस्तुत विषयमा तँहाबाट सानी भेरी जलविद्युत आयोजनाको विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले ३५(पैंतिस) दिन भित्र पेश गर्नु हुन विभागको मिति २०८२/०४/०९ को निर्णयानुसार व्यहोरा अनुरोध छ |

तपशिलः

१. विद्युत नियमावली २०५० को नियम ५ अनुसूची ३ बमोजिमको ढाँचामा दरखास्त |
२. प्रस्तुत विद्युत प्रसारण लाइनको प्राविधिक विश्लेषण (Voltage Selection, Conductor selection, Power loss, Voltage Regulation etc., Alternative Route Analysis, Cost breakdown, Angle Points) सहितको डेस्क स्टडी प्रतिवेदन |
३. प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको नापी विभागद्वारा प्रकाशित स्थलरूप नक्सा |
४. संचालक समितिको बैठकको निर्णयपत्र सहितको अख्तियारीनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारी प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. |
५. प्रवर्द्धक कम्पनीको कम्पनी दर्ता प्रमाणपत्र, प्रवन्धपत्र, नियमावली, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (PAN) र कर चुक्ताको प्रमाणित प्रतिलिपि |
६. सानी भेरी जलविद्युत आयोजनाको विद्युत उत्पादन/सर्वेक्षण अनुमतिपत्रको प्रतिलिपि |
७. परामर्शदाताको संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, प्रवन्धपत्र, नियमावली र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (PAN)को प्रमाणित प्रतिलिपि |
८. परामर्शदाताको कम्पनी र प्रवर्द्धक कम्पनी विच सम्भाव्यता अध्ययन गर्न भएको सम्झौतापत्र |
९. नेपाल विद्युत प्राधिकरणसँगको Grid Connection Agreement/PPA प्रतिलिपि |
१०. प्रसारण लाइनको रुटको Soft Copy (.kmz file) |

(कर्सन महर्जन)
इन्जिनियर